जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक ३६ २०८२ साल भदौ १३ गते शुक्रबार (29 Aug 2025 Friday) मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

*यस अंक भित्र :* २ पृष्ठमा : अनलाइन सञ्चार माध्यम ... ३ पृष्ठमा : सरकारद्वारा सामाजिक ... ३ पृष्ठमा : वैज्ञानिकहरूले पृथ्वीमा ...

## सप्तरीकी गिता चौधरी स्थानीय तहका महिला जनप्रतिनिधि प्रेरणादायी सूचीमा पर्न सफल



**दैनिक समाचारदाता**
**राजविराज, १२ भदौ ।**

स्थानीय तहमा निर्वाचित नगरप्रमुखमा सप्तरीकी गिता चौधरीसहित ३१ महिला जनप्रतिनिधि प्रेरणादायी सूचीमा परेका छन्। चौधरी सप्तरीको सुरुङ्गा नगरपालिकाकी नगरप्रमुख हुन् ।

महिलाको सुकर्मलाई सञ्चार गर्दै नेतृत्व क्षमताको पहिचान गर्ने उद्देश्यसहित सञ्चालन हुँदै आएको ‘शी लिड्स आइकन’ कार्यक्रम अन्तर्गत दोस्रो संस्करणका लागि चौधरीसहित ३१ जना महिला जनप्रतिनिधि प्रेरणादायी सूचीमा पर्न सफल भएकी हुन् ।

आयोजक संस्थाका अनुसार यसपटक देशभरबाट १ सय ३१ आवेदन प्राप्त भएमध्ये १ सय ११ आवेदन औपचारिक रूपमा स्वीकृत भएका थिए । निर्णायक मण्डलमा पूर्वमुख्यमन्त्री अष्टलक्ष्मी शाक्य, सञ्चार एवं ब्रान्ड रणनीतिज्ञ चारु चड्डा तथा लैङ्गिकता विशेषज्ञ सरु जोशी रहेकी थिइन् । छनोटमा स्थानीय तहका सात प्रमुख/अध्यक्ष र २४ उपप्रमुख/उपाध्यक्ष रहेकी छिन् ।

प्रेरणादायी सूचीमा परेपछी प्रमुख चौधरीले भनिन्, “‘शी लिड्स आइकन’ कार्यक्रममा नगरपालिकाले गरेको काम र नगरक्षेत्र भित्रको उत्पादनलाई राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा चिनाउन आफु यस प्रतिस्पर्धामा सहभागी भएको हुँ ।”

सुरुङ्गा नगरपालिकाले आफ्ना उत्पादन सामग्रीहरु स्टलमार्फत राखी बिक्री गर्ने अवसर पाउनेछ र यसको माध्यमबाट नगरका स्थानीय उत्पादनलाई बजार विस्तार गर्न सहयोग पुग्ने नगरप्रमुख चौधरीले विश्वास व्यक्त गरिन । “यस किसिमको प्रतिस्पर्धाबाट नगरको मात्र नभई यहाँ उत्पादन भएका वस्तुको पनि प्रचार-प्रसार हुन्छ“ चौधरीले भनिन् ।

पुस १८ देखि २० गतेसम्म काठमाडौँमा ‘महिला जनप्रतिनिधि उत्सव’ आयोजना गरिने र पुस २२ गते अवार्ड समारोहमार्फत ३१ मध्ये सात जनालाई ‘शी लिड्स आइकन २०२५’ घोषणा गरिने बताएको छ ।

समितिले मूल्याङ्कनपछि मधेस प्रदेशबाट गीता चौधरी (सप्तरी), विद्या देवी भुजेल (धनुषा), कल्पना कुमारी कटुवाल (सर्लाही), गोकुलीकुमारी रेग्मी (पर्सा) र रिनाकुमारी साह (रौतहट) छिन् । यस्तै कोशी प्रदेशबाट प्रमिला राई (भोजपुर), विपना कुलुङ (सोलुखुम्बु), विष्णुकुमारी लिम्बु (इलाम) र सविता राई (सोलुखुम्बु) रहेकी छिन् ।

बागमती प्रदेशबाट सिता माया गुरुङ (धादिङ), गायत्री आचार्य (दोलखा), मिठुदेवी लामा (सिन्धुपाल्चोक), मीना कुमारी लामा (मकवानपुर), बालकुमारी कार्की (रामेछाप), गण्डकी प्रदेशबाट हिरादेवी शर्मा (पर्वत), भागवती रेग्मी अर्याल (स्याङ्जा), पद्यमा गुरुङ (लमजुङ) र चन्द्रकला अधिकारी (कास्की) छनोट भएकी छिन् ।

लुम्बिनी प्रदेशबाट विनाकुमारी भट्टराई (बर्दिया), हुमाकुमारी डिसी (दाङ), निरमाया तरामु (गुल्मी) र मिना थापा (रोल्पा), कर्णाली प्रदेशबाट देविका कुमारी सिंह (जाजरकोट), मोहनमाया ढकाल भण्डारी (सुर्खेत), धर्मकला शाही (कालिकोट) र सीता जैसी (जाजरकोट) रहेकी छिन् ।

सुदूरपश्चिम प्रदेशबाट जमुनाकुमारी बोहरा (डोटी), सुशीला शाही (कैलाली), ज्ञानुकुमारी सेटी देउवा (डडेल्धुरा), डोल्मा तामाङ (बझाङ), लक्ष्मी धामी रोकाया (डोटी) छिन् ।

आयोजक संस्थाकी अध्यक्ष पूजा कोइरालाले छनोटमा परेका ३१ महिला जनप्रतिनिधिलाई आगामी भदौ १६ गते एकदिने तालिम र भदौ १७ गते सञ्चारकर्मीसँग अन्तरक्रिया र उनीहरूको कामलाई सार्वजनिक गर्न कथा, अन्तर्वार्ता तथा डकुमेन्ट्रीमार्फत प्रर्वधन गर्ने योजना रहेको जानकारी दिए ।

## करदाता सेवा कार्यालयद्वारा गत वर्षको तुलनामा १३ प्रतिशत बढी राजश्व संकलन




**दैनिक समाचारदाता**
**राजविराज, १२ भदौ ।**

करदाता सेवा कार्यालय राजविराजले गत आर्थिक वर्षमा राजश्व संकलनमा १३ प्रतिशतले प्रगति हासिल गरेको छ ।

आर्थिक वर्ष २०८१/०८२ मा कार्यालयले ८७ करोड २७ लाख रुपैयाँ राजस्व संकलन गरेको हो । यो राजश्व अघिल्लो वर्षको तुलनामा करिब १३ प्रतिशतले बढी हो ।

कार्यालयले गत आर्थिक वर्षमा १ अर्ब १ करोड रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखेको थियो । लक्ष्यभन्दा केही कम संकलन भए पनि अघिल्लो आर्थिक वर्ष २०८०/०८१ मा संकलित करिब ७७ करोड रुपैयाँको तुलनामा उल्लेख्य वृद्धि भएको करदाता सेवा कार्यालय राजविराजका प्रमुख लालदेव सर्राफले जानकारी दिएका छन् ।

करदातामुखी कार्यक्रम, कर शिक्षा अभियान, कर अनलाइन प्रणालीको विस्तार, सेवाग्राहीलाई सहज सेवा, तस्करी नियन्त्रणका लागि बजार अनुगमन तथा कर छली विरुद्धका निगरानीले राजस्व संकलनमा सकारात्मक परिणाम देखिएको उनले बताए ।

राजस्व वृद्धिका लागि कर सचेतना अभिवृद्धि, करदाता शिक्षा, सडक नाटक, भित्तालेखन, करशिविर, विचौलियालाई प्रवेश निषेध गरी करदातालाई प्रत्यक्ष सेवा उपलब्ध गराउने जस्ता कार्यक्रम पनि कार्यालयले गरेको थियो ।

यस्तै १ सय ३ वटा फर्म तथा पसललाई कारबाही गरी ८ लाख २२ हजार रुपैयाँ

*बाँकी तीन पृष्ठमा*

## डुबेर २३ जना बालबालिकाको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १२ भदौ ।**

सप्तरीमा गत आर्थिक वर्ष २०८१/०८२ मा विभिन्न पोखरी, इनार, खोला, नदी-नाला र खेतमा बनेका खाल्टोमा डुबेर २३ जना बालबालिकाको मृत्यु भएको छ ।

वर्षायाममा खाल्टो, पोखरी तथा नदी-नालामा नुहाउने वा खेल्ने क्रममा डुबेर २३ जना बालबालिकाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक गौतमकुमार केसीले जानकारी दिएका छन् । जसमा १५ जना बालक र ८ जना बालिका छन् ।

अभिभावकको निगरानीबिनै पानी आसपासमा खेल्ने र नुहाउने क्रममा अधिकांश बालबालिकाको डुबेर मृत्यु भएको हो ।

जथाभावी खाल्टो खनेर छाड्ने प्रचलन, पोखरीमा घेराबेरा नहुने, पोखरी धनी र अभिभावकको लापरवाही तथा पानीको उपयुक्त निकास नहुँदा आफ्नै जग्गामा खाल्टो खनेर राख्ने प्रवृत्तिले यस्तो दुर्घटनालाई निम्त्याउने गरेको जानकारी बताउछन् ।

अभिभावकलाई सचेत रहन, साना बालबालिकालाई एक्लै पानी आसपासमा नछोड्न आग्रह गर्नुहुँदै स्थानीय तहलाई जोखिमयुक्त स्थानमा चेतावनी बोर्ड राख्ने र असुरक्षित पोखरी तथा खाल्टोलाई तारजालीले घेराबार गर्ने व्यवस्था गर्नुपर्छ ।

## एक व्यक्ति मृत फेला

**दैनिक समाचारदाता**
**राजविराज, १२ भदौ ।**

सप्तरीको राजगढ गाउँपालिका ५ मलेखपुरस्थित बाँसको झ्याङमा सुतिरहेको अवस्थामा बिहीबार एक व्यक्ति मृत फेला परेका छन् ।

मृत्यु हुनेमा ६० वर्षिय मुनेश्वर सदा छन् । प्रहरीका अनुसार आफ्नो घरबाट अन्दाजी ३ किलोमिटर उत्तरमा रहेको बाँसको झ्याङमा गम्छा ओच्छयाई, चप्पलको सिरानी लगाई सुतिरहेको अवस्थामा उनी मृत फेला परेका हुन् ।

घटनाको जानकारी पाएलगत्तै प्रहरी चौकी पथरगाढाबाट खटेको टोलीले कानुनी प्रक्रिया पुरा गरि घटना बारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## हैजा संक्रमितको संख्या ५ सय ४० पुग्यो

**दैनिक समाचारदाता**
**वीरगन्ज, १२ भदौ ।**

मधेश प्रदेशमा फैलिएको हैजाको प्रकोप बढ्दै गएको छ । इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडिसीडी) को तथ्यांक अनुसार पछिल्लो २४ घण्टामा मात्रै १ सय १५ जना नयाँ सङ्क्रमित थपिएका छन् ।

यो सँगै सङ्क्रमितको संख्या ५ सय ४० पुगेको छ । संक्रमितमध्ये २ सय ५७ जना उपचारपछि निको भएर घर फर्किएका छन् भने २ सय ८३ जनाको विभिन्न अस्पतालमा उपचार भइरहेको स्वास्थ्य मन्त्रालयले जनाको छ ।

सबैभन्दा बढी प्रभावित क्षेत्र वीरगन्ज महानगरपालिका रहेको छ । नारायणी अस्पतालमा हाल १५८ सक्रिय सङ्क्रमितको उपचार भइरहेको छ । त्यहाँ पछिल्लो २४ घण्टामा मात्र ६२ जना नयाँ बिरामी भर्ना भएका छन् ।

यस्तै, तराई अस्पतालमा ४२ सक्रिय संक्रमितको उपचार भइरहेको छ भने थप १० नयाँ सङ्क्रमित पुष्टि भएका छन् । वीरगन्ज हेल्थ केयर अस्पतालमा पनि २४ सक्रिय र ८ नयाँ बिरामी भर्ना भएका छन् ।

त्यसैगरी, बाराको कलैया अस्पतालले एक नयाँ सङ्क्रमित केस पुष्टि गरेको छ। सो बिरामीको वीरगन्ज यात्राको इतिहास रहेको जनाइएको छ । पर्साको पोखरिया नगरपालिकास्थित अस्पतालमा पनि ८ नयाँ संक्रमित दर्ता भएका छन् ।

**होडिङ्ग बोर्डमार्फत विज्ञापन गर्दा के गर्ने ?**

विज्ञापन (नियमन गर्ने) ऐन,२०७६ अनुसार,

- होर्डिङ्ग बोर्ड राख्न र त्यसमा विज्ञापन गर्न स्थानीय तहबाट अनुमति लिनुपर्ने,
- अनुमतिपत्रको लागि सम्बन्धित स्थानीय तहको कार्यालयमा निवेदन दिनुपर्ने,
- स्थानीय तहले प्रचलित कानून बमोजिम मनासिब देखेमा अनुमतिपत्र दिनुपर्ने,
- अनुमति दिंदाकै समयमा राजश्व संकलन गर्ने,
- अनुमतिको अवधि समाप्त भएपछि त्यस्तो होडिङ्ग बोर्ड हटाउनुपर्ने व्यवस्था छ ।

त्यसैले अनुमति प्राप्त गर्नः

- स्थानीय तहमा निवेदन दिऊँ,
- अनुमतिपत्र प्राप्त नगरी होर्डिङ्ग बोर्ड नराखौं वा राख्न नदिऔं,
- अनुमति प्राप्त नगरी राखिएका होर्डिङ्ग बोर्ड तत्काल हटाऔं,
- अनुमति प्रदान गर्दा अनुमति शुल्क, बहाल वा बहालकर, विज्ञापन कर लिने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

बाह्य विज्ञापनलाई स्थानीय तह र प्रदेश सरकारको आम्दानीको स्रोत बनाऔं

## सम्पादकीय

### सडक दुर्घटना बढ्दो, ठोस कदम चाल्नु आवश्यक

पछिल्ला केही वर्षहरूमा मुलुकमा सडक दुर्घटनाबाट मृत्यु हुनेको दर निकै भयावह छ। प्रत्येक दिन दर्जनौं मानिसले सडकमा ज्यान गुमाउनु परेको तथ्याङ्कले देखाएको छ। सडक दुर्घटनामा मृत्यु हुनुका प्रमुख कारणहरू लापरबाहीपूर्ण चालकको व्यवहार, गति नियन्त्रण नगरी गाडी हाँक्ने, मदिरा सेवन गरेर सवारी चलाउने वा मोबाइल प्रयोग गर्ने जस्ता गतिविधि हुन्।

यसबाहेक सडकको दयनीय अवस्था, सडकमा खाल्डाखुल्डी, अत्यधिक भीडभाड र अतिक्रमणका कारण दुर्घटनाको सम्भावना बढ्को छ। यसैगरि सवारी साधनको प्राविधिक जाँचमा कमी, धेरै गाडीहरू पुराना, जीर्ण वा नियमित मर्मत नगरी सडकमा चलाइने कारण पनि दुर्घटना हुने मध्येका एक हो। यातायात नियम पालना नगर्ने प्रवृत्ति, यात्रुहरू सडक क्रस गर्दा लापरबाही, चालकहरूले ओभरलोड वा ओभरटेक गर्ने जस्ता प्रवृत्तिले दुर्घटना निम्त्याउछ।

सरकारी निकायको कमजोर नियमन र ट्राफिक व्यवस्थापनमा लापरबाहीले पनि दुर्घटना हुनुको कारण हुन सक्छ। सडक दुर्घटनामा मृत्यु हुनुका कारण केवल भाग्य वा संयोग नभई संरचनागत समस्या, नियमनको कमी र सचेतनाको अभावसँग गाँसिएको छ। तसर्थ चालक, यात्रु र सम्पूर्ण सरोकारवाला निकायले यस समस्या समाधान गर्न ठोस कदम चाल्न आवश्यक छ।

डा. भगवती यादव
Dr. Bhagwati Yadav
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
नवजात शिशु तथा बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# अनलाइन सञ्चार माध्यम व्यवस्थापनका वैकल्पिक मार्ग

**रेवती सापकोटा**
काठमाडौँ, १२ भदौ (रासस)।

नेपालको संविधानले सञ्चारमाध्यमसम्बन्धी व्यवस्था सङ्घ र प्रदेशको साझा अधिकारको सूचीमा र पत्रपत्रिका सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा राखेको छ। सङ्घ, प्रदेश र स्थानीय तह ( समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा ७ को उपदफा उपदफा (३) मा सङ्घीय कानुन नबनेको अवस्थामा प्रदेशले कानुन बनाउन र कार्यान्वयन गर्नसक्ने व्यवस्था गरेको छ।

प्रदेशसभाले बनाएको प्रदेश सञ्चारमाध्यम व्यवस्थापन ऐन, २०७५ बमोजिम बागमती प्रदेशमा अनलाइन सञ्चारमाध्यम दर्ता तथा अभिलेखीकरण हुँदै आएका छन्। केही नेपाल ऐन, संशोधनमा भएका ६८ वटा कानुनमध्ये छापाखाना तथा प्रकाशन ऐन, २०४८ पनि संशोधन गरी अनलाइन सञ्चारमाध्यम स्थानीय अधिकारी (प्रमुख जिल्ला अधिकारी) समक्ष दर्ता गर्ने व्यवस्था गरिएको छ।

सूचना प्रविधिको विकास र विस्तार हुनसक्छ, सूचना प्रविधिमा आधारित सञ्चारमाध्यम दर्ता तथा नवीकरण गर्नु/गराउनु पर्ने परिस्थिति आउनसक्छ भन्ने परिकल्पना नगरेको छापाखाना तथा प्रकाशन ऐनमा अनलाइन सञ्चारमाध्यम दर्ता तथा नवीकरणको विषयलाई ३४ वर्ष पुरानो कानुनमा लगेर जोड्नु व्यावहारिक देखिँदैन। संविधानमा सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार सूचीमा रहेको पत्रपत्रिकाका सम्बन्धमा छापाखाना तथा प्रकाशन ऐनको संशोधनमा मौन छ।

संविधान जारी भएसँगै सङ्घले बनाउनुपर्ने कानुन तत्काल नबनेपछि प्रदेश र स्थानीय तहले कानुन बनाएर कार्यान्वयन गरेका विषय धेरै छन्। सङ्घले कानुन बनाउँदा स्वभाविक रूपमा प्रदेश र स्थानीय तहका कानुन सङ्घसँग बाझिन सक्छन्। बाझिएको हकमा संशोधन गर्ने आशयले नै प्रदेश र स्थानीय तहमा कानुन बनेका छन्।

सङ्घीय निकायले निर्देशिकाका आधारमा अनलाइन सञ्चारमाध्यम दर्ता तथा अभिलेखीकरण गरिरहेको अवस्थामा बागमती प्रदेशमा ऐनको आधारमा दर्ता तथा अभिलेखीकरण भइरहेको थियो। जब सङ्घले नै अनलाइन सञ्चारमाध्यमसम्बन्धी व्यवस्था ऐनमा ल्याएपछि प्रदेशको कानुन सङ्घीय कानुनसँग बाझियो। प्रदेश कानुन सङ्घीय कानुनसँग बाझिएको हकमा सङ्घीय कानुन लागू हुने संवैधानिक व्यवस्था छ। त्यसैले बागमती प्रदेशमा अनलाइन सञ्चारमाध्यमको नयाँ दर्ता तथा अभिलेखीकरण गर्ने काम स्थगन गरिएको छ।

सूचना तथा प्रसारण विभागले पनि ऐनमा स्थानीय अधिकारी तोकिदिएपछि अनलाइन सञ्चारमाध्यम दर्ता तथा अभिलेखीकरण स्थगन गरेको छ। सङ्घ र प्रदेश दुवैतिर अनलाइन सञ्चारमाध्यम दर्ता तथा अभिलेखीकरण नभएको अवस्थामा सेवाग्राहीको गुनासो दैनिक सङ्घ र प्रदेशका सम्बन्धित निकायले सुन्नु परिरहेको छ। तर अनलाइन सञ्चारमाध्यम दर्ता तथा अभिलेखीकरण गरिरहेका सङ्घ र प्रदेशका दुवै निकाय आफैँ केही गर्नसक्ने अवस्थामा पनि छैनन्। सङ्घीय संसद्बाट पारित भएको कानुन सच्याउने सोही संसद्ले नै हो।

सङ्घीय कानुनमा यसअघि दर्ता भएका सञ्चारमाध्यम नवीकरण गर्न कहाँ जाने भन्ने नै स्पष्ट छैन। कानुन व्याख्यासम्बन्धी ऐनले सङ्घ, प्रदेश र स्थानीय तहले बनाएका कानुनलाई नेपाल कानुन भनेर व्याख्या गरेको छ। यस्तो अवस्थामा एउटा काननबमोजिम दर्ता तथा अभिलेखीकरण भएको सञ्चारमाध्यम कुन निकायमा स्थानान्तरण हुने भन्ने विषय स्पष्ट खुलाउनुपर्ने हुन्छ। अनलाइन सञ्चारमाध्यमसँग सम्बन्धित नयाँ कानुनमा त्यो विषय पनि खुलाइएको छैन। अनलाइन सञ्चारमाध्यम इन्टरनेटमा आधारित हुन्छ। यसको विकास र विस्तार यति छिटो भइरहेको छ कि कानुन बनाउनु अगाडि एउटा व्यवस्था हुन्छ, त्यो कार्यान्वयनको चरणमा पुग्दा अर्कै अवस्था सिर्जना हुन्छ।

सो संशोधित ऐन कार्यान्वयनका लागि नियमावली पारित भएको छैन। नियमावलीको मस्यौदा तयार गर्न सरोकार भएका निकायबीच छलफल भएको अवस्था पनि छैन। यस्तो अवस्थामा अनलाइन सञ्चारमाध्यम दर्ता तथा अभिलेखीकरण गर्न चाहनेको चाप बढेको छ। नयाँ कानुनले स्पष्ट मार्गनिर्देशन नदिएको अवस्थामा नयाँ तोकिएको निकायले पुरानै निकायमा दर्ता गरिदिन सिफारिस गर्ने गरेको छ। यस्तो अभ्यास सङ्घ र प्रदेशका निकायबीच र प्रदेशभित्रकै निकायबीच पनि हुने गरेको छ।

पञ्चायतकालमा गृह र सञ्चार मन्त्रालयको काम एउटै मन्त्रालयले हेर्थ्यो। गृह मन्त्रालयअन्तर्गत त्यतिबेला स्थानीय अधिकारी भनेको अहिलेको प्रमुख जिल्ला अधिकारी हुन्थ्यो। त्यही भएर पत्रपत्रिका जिल्लाबाट नै दर्ता गर्ने व्यवस्थाका लागि स्थानीय अधिकारी भनेर प्रमुख जिल्ला अधिकारीलाई जिम्मा दिइएको देखिन्छ। अहिलेको सूचना तथा सञ्चार मन्त्रालय पहिले पञ्चायतकालमा दुई वटा छुट्टाछुट्टै मन्त्रालयमा विभाजित थियो। विसं २०२८ वैशाख १ गते कीर्तिनिधि विष्ट नेतृत्वको मन्त्रिपरिषद्मा गृह पञ्चायत, सूचना तथा प्रसारमन्त्री रुद्रप्रसाद गिरी हुनुहुन्थ्यो भने निर्माण, सञ्चार तथा यातायातमन्त्री चर्तुभुजप्रसाद सिंह हुनुहुन्थ्यो।

छापाखाना तथा प्रकाशन ऐन, २०४८ मा पञ्चायती व्यवस्थाको त्यही स्थानीय अधिकारीलाई ‘कपि-पेष्ट’ गरिएको देखिन्छ। विसं २०४८ पछि विसं २०६३ मा अन्तरिम संविधान र विसं २०७२ मा संविधानसभाबाट जारी भएको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान गरी दईवटा संविधान बनिसकेका छन्। पछिल्लो संविधानले सङ्घ, प्रदेश र स्थानीय तहलाई अधिकार प्रत्यायोजन गरेको छ। तर प्रत्यायोजित अधिकारलाई व्यवस्थित गर्ने मामिलामा सङ्घीय कानुन बेखबरजस्तै देखिएको छ। अहिलेको संविधानले प्रमुख जिल्ला अधिकारीलाई चिन्दैन, प्रदेश र स्थानीय तहलाई चिन्छ। संविधानले चिन्दै नचिनेको निकायमा सञ्चारमाध्यम दर्ता गर्ने निकाय तोकिनु संविधान अनुकूल होइन।

नेपालमा पहिलो छाता कानुन बनाउने बागमती प्रदेशले प्रदेश सञ्चारमाध्यम व्यवस्थापन ऐनमार्फत अनलाइन सञ्चारमाध्यमको दर्ता अभिलेखीकरण, नवीकरण गरेर लोककल्याणकारी विज्ञापन वितरण गरी आर्थिक सहयोग पनि उपलब्ध गराउने अभ्यास गर्दै आएको थियो। अनलाइन सञ्चारमाध्यमलाई अन्य सञ्चारमाध्यम सरहको व्यवहार गरेको बागमती प्रदेशको कानुनले हो। अनलाइन सञ्चारमाध्यमले जुन सुविधा बागमती प्रदेशबाट प्राप्त गरिरहेका थिए, अब त्यो पनि रोक्नुपर्ने परिस्थिति सङ्घीय कानुनले खडा गरिदिएको छ।

बागमती प्रदेशमा मात्र तीन सयभन्दा बढी अनलाइन सञ्चारमाध्यम दर्ता तथा अभिलेखीकरण भएका छन्। तीमध्ये आधाभन्दा बढी नवीकरण पनि हुने गरेका छन्। प्रदेश सरकारले तोकेको शुल्क बुझाई प्रदेशमा अनलाइन सञ्चारमाध्यम दर्ता तथा अभिलेखीकरण र नवीकरण हुने गरेका छन्।

बागमती र मधेसबाहेक लुम्बिनी र गण्डकी प्रदेशमा अनलाइन सञ्चारमाध्यम प्रदेशमा दर्ता तथा अभिलेखीकरण गर्ने कानुनी व्यवस्था भइसकेको छ। लुम्बिनी र गण्डकी पनि अनलाइन सञ्चारमाध्यमसम्बन्धी कानुनी व्यवस्थालाई कार्यान्वयन गर्ने चरणमा पुगेका छन्। कोशी र कर्णाली प्रदेशमा अनलाइन सञ्चारमाध्यम दर्ता तथा अभिलेखीकरण गर्नेगरी विधेयक तयार गरी प्रदेशसभामा छलफल भइरहेको छ।

सञ्चारमाध्यमलाई सूचना प्रविधिसँग सम्बन्धित निकायसँग जोडेर स्वनियमनमा लैजान प्रोत्साहित गर्ने हो। नियमावली बनाउँदै गर्दा प्रदेशका सञ्चारमाध्यम हेर्ने मन्त्रालय वा मन्त्रालय मातहतका निकायका अधिकारीहरूलाई अनलाइन सञ्चारमाध्यम दर्ता तथा अभिलेखीकरण गर्ने व्यवस्था गर्ने/गराउने गरी स्थानीय अधिकारी तोक्न सकिने अवस्था अझै छ।

सञ्चारमाध्यम र पत्रकारलाई गुणस्तरीय सूचना सामग्री पस्कने बनाउन उनीहरूको क्षमता विकास गर्न बागमती प्रदेशद्वारा सञ्चालित कार्यक्रमजस्तै अन्य प्रदेशले पनि सञ्चालन गर्दा पत्रकारिताको गुणस्तर वृद्धिमा योगदान पुग्छ, त्यसले सुशासन कायम गराउन पनि मद्दत गर्दछ। सुशासन र पारदर्शीताका लागि सञ्चारमाध्यमलाई व्यवस्थित बनाउनु, सहजीकरण गर्नु, पत्रकारलाई प्रतिस्पर्धी र प्रविधिमैत्री बनाउँदै लैजानु आजको आवश्यकता पनि हो।

इन्टरनेटमा आधारित सञ्चारमाध्यम भएकाले अनलाइनमा पस्किने सामग्री क्षणभरमा विश्वस्तरमा वितरण हुन्छ। त्यसकारण सङ्घमा राख्नु परेको हो भन्ने मान्ने हो भने डिजिटल युगमा कुनकुन विषयको क्षेत्राधिकार कहाँ राख्ने भनेर अर्को बहस हुन सक्छ। फ्रिक्विन्सीको अधिकार सङ्घमा छ, सङ्घसँगको समन्वयमा फ्रिक्विन्सी लिएर प्रदेश सरकारबाट इजाजत प्राप्त गरी प्रसारण भइरहेका एफएम रेडियोको प्रसारण क्षेत्र पनि प्रदेशमा सीमित रहँदैन।

मधेस प्रदेशको एफएम रेडियो बागमतीमा सुनिन्छ, बागमती प्रदेशको रेडियो लुम्बिनी र गण्डकीमा पनि सुनिन्छ। केवल टेलिभिजन प्रदेशको क्षेत्राधिकार भनेर राष्ट्रिय प्रसारण ऐन, २०४९ मा संशोधन गरी प्रदेशलाई दिइएको छ। तर, केवल टेलिभिजन पनि डिजिटल प्रणालीमा गएको अवस्थामा नेपालभर प्रसारण हुन्छ। एक प्रदेशमा मात्र केवल टेलिभिजनलाई पनि रोक्न सम्भव हुँदैन। टेलिभिजन वा रेडियोले उत्पादन गरेका सामग्री युट्युव वा पोडकाष्टमा राखेपछि त्यो संसारभर हेर्न र सुन्न सकिन्छ।

सात वटा प्रदेशमा छुट्टाछुट्टै प्रेस काउन्सिल हुनु व्यावहारिक हुँदैन। मेडिकल काउन्सिल, इञ्जिनियरिङ काउन्सिल, बार काउन्सिल एउटै भएजस्तै आमसञ्चारमाध्यमले पस्कने समाचारमूलक सामग्रीको अनुगमन गर्ने निकाय पनि एउटै हुनु उपयुक्त हुन्छ। एउटा देशमा फरकफरक काउन्सिल हुँदा फरकफरक मापदण्ड र आचारसंहिता बन्न सक्छन्। त्यसले निम्त्याउँन सक्ने परिणामप्रति पहिले नै सचेत हुनु आवश्यक हुन्छ। त्यसैले सातवटै प्रदेशसँगको समन्वय र परामर्शमा सङ्घीय निकायले आचारसंहिता र मापदण्ड बनाएर लागू गराउनु उपयुक्त हुन्छ।

अनलाइन सञ्चारमाध्यमलाई प्रदेश तहबाट दर्ता तथा अभिलेखीकरण गर्ने र सङ्घीय तहमा रहेको स्वायत्त प्रकृतिको प्रेस काउन्सिलको सात वटै प्रदेशमा इकाई खडा गर्ने, त्यो इकाईले प्रदेशको सञ्चारमाध्यम नियमन गर्ने निकायसँग समन्वय गरी आचारसंहिता अनुगमन गर्ने व्यवस्था गर्नु नै विकल्प हुनसक्छ। सूचना प्रविधिको क्षेत्र छिटो विकास र विस्तार भइरहेको हुनाले योसँग सम्बन्धित प्रविधि, जनशक्ति व्यवस्थापन र नियमनका लागि आवश्यक कानुनी प्रबन्ध गर्न स्थानीय तहभन्दा प्रदेश सक्षम हुन्छ। *(लेखक बागमती प्रदेशका सञ्चार रजिष्ट्रार हुनुहुन्छ)*

# सरकारद्वारा सामाजिक सञ्जलाको प्रयोगलाई व्यवस्थित गर्ने निर्णय

काठमाडौँ, १२ भदौ (रासस)।

सरकारले विभिन्न २० वटा औद्योगिक ग्राम, औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र, सुक्खा बन्दरगाह तथा पेट्रोलियम पाइपलाइन र निजी क्षेत्रबाट सञ्चालन हुने केबुलकार आयोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने निर्णय गरेको छ।

मन्त्रिपरिषद्को यही भदौ ९ गतेको निर्णय सार्वजनिक गर्दै सरकारका प्रवक्तासमेत रहनुभएका सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले नेपाल सरकारबाट घोषणा भएका ती आयोजनासम्बन्धी निर्णयको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने निर्णय भएको जानकारी दिनुभयो।

मन्त्रिपरिषद्ले सामाजिक सञ्जालको प्रयोगलाई व्यवस्थित गर्ने निर्देशिका २०८० तथा सर्वोच्च अदालतको आदेशबमोजिम सामाजिक सञ्जाल सञ्चालकलाई जिम्मेवार तथा जवाफदेही बनाउन सात दिनको म्याद दिइ सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा सूचीकरणका लागि सार्वजनिक रूपमा आह्वान गर्ने निर्णय गरेको छ।

बैठकले तोकिएको अवधिमा सूचीकरण हुन नआउने वा सूचीकरणका लागि सम्पर्कमा नआउने सामाजिक सञ्जाललाई क्रमशः नेपालभित्र निष्क्रय गराउन र सूचीकरण गरेमा सोही क्षणबाट ती सामाजिक सञ्जाललाई पुनःसक्रिय गराउन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमार्फत नेपाल दुरसञ्चार प्राधिकरणलाई निर्देशन दिने निर्णय गरेको छ।

सरकारले भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालय र अन्तर्गतका निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्न पूर्वस्वीकृति प्रदान गरेको छ।

सरकारले नेपाली सेनाका चार जना उपरथीको सरुवा गर्ने तथा एक जनालाई उपरथीमा, एक जनालाई सहायक रथीमा र एक जनालाई महासेनीमा बढुवा गर्ने निर्णय गरेको छ।

मन्त्रिपरिषद्ले भदौ १६ गतेदेखि १८ गतेसम्म कोरियाको सिओलमा हुने ग्लोबल ग्रीन ग्रोथ इन्स्टिच्युटसँगको सम्झौता हस्ताक्षर कार्यक्रममा सहभागी हुन वन तथा वातावरण मन्त्रालयका सचिव डा राजेन्द्रप्रसाद मिश्रलाई स्वीकृति दिएको छ।

बैठकले यही भदौ १० देखि १३ गतेसम्म फिजीको नाडीमा आयोजना हुने छैठौँ फोरम अफ मिनिस्टर एन्ड इन्भायरोमेन्ट अथोरिटी अफ एसिया प्यासिफिकमा सहभागी हुन वन तथा वातावरण राज्यमन्त्री रूपा बिकलाई स्वीकृति प्रदान गरेको छ।

मन्त्रिपरिषद्ले अन्तरराष्ट्रिय आणविक ऊर्जा एजेन्सीको भदौ ३० देखि असोज ३ गतेसम्म भियाना इन्टरनेशनल सेन्टरमा आयोजना हुने ६९औँ आइएइए जनरल कन्फ्रेन्समा सहभागी हुन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव विश्वबाबु पुडासैनीलाई सहभागी हुन स्वीकृति दिएको छ।

सरकारले नेपाल लेखापरीक्षण सेवाको समूहिकीकरणतर्फ राजपत्राङ्कित विशिष्ट श्रेणीको उपमहालेखा परीक्षक रिक्त पदमा इन्द्रप्रसाद आचार्यलाई बढुवा गर्ने निर्णय गरेको छ।

बैठकले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सचिव भरतमणि सुवेदीले पेस गर्नुभएको शैक्षिक अवकाश स्वीकृत गरेको छ।

# ‘छलफलबाट उखु किसानका माग सम्बोधन गर्नुपर्छ’

धनुषा, १२ भदौ (रासस)।

नेपाली काङ्ग्रेसका महामन्त्री गगनकुमार थापाले उखु किसानका माग सम्बोधन गरी समस्याको दीर्घकालीन समाधानका लागि सरकारले सरोकार भएका निकायसँग छलफल गर्नुपर्ने बताउनुभएको छ।

बिहीबार जनकपुरधाम विमानस्थलमा संक्षिप्त कुराकानी गर्दै महामन्त्री थापाले उखुको उत्पादन बढाउने विषयमा सरकारले सरोकार भएका निकायसँग छलफल गरी आवश्यक पहल गर्नुपर्ने सुझाव दिनुभयो। सरकारले आन्दोलनमा रहेका उखु किसानका माग तत्कालै सम्बोधन गरी उहाँहरूलाई उत्पादन वृद्धिमा प्रोत्साहन गर्नुपर्नेमा जोड दिनुभयो।

कृषि मन्त्रालयले किसानलाई अनुदानबापतको ७० रुपैयाँ उपलब्ध गराउन महामन्त्री थापाले आग्रह गर्नुभयो। उहाँले नेपाल कम्युनिष्ट पार्टी (एमाले) र काङ्ग्रेसको सहकार्यमा बनेको वर्तमान सरकारमा केही असमानता रहे पनि सरकार परिवर्तन नहुने उल्लेख गर्नुभयो।

उखुको मूल्य तोक्न ढिलाइ गर्ने, भुक्तानीमा समस्या हुने, अनुदान नपाउनेलगायत किसानसँग जोडिएका समस्या दीर्घकालीन रूपमा समाधान गर्न तत्काल छलफलका माध्यमबाट उपाय खोज्नुपर्ने उहाँको भनाइ छ। उखु किसानद्वारा गरिएको आन्दोलनलाई प्रधानमन्त्री र अर्थमन्त्रीले कुनै प्रतिष्ठाको विषय नबनाउने हो आजै समस्या समाधान हुने उहाँले धारणा राख्नुभयो।

“चालु आर्थिक वर्षमा अनुदानका लागि रु दुई अर्ब बजेट छुट्याइएको छ। कृषकलाई अनुदान उपलब्ध गराउन उक्त रकम छुट्याइएकाले समस्या समाधान गर्न कुनै द्विविधा छैन”, थापाले भन्नुभयो। उहाँले किसानका माग पूरा गरी दीर्घकालीन रूपमा समस्या समाधान गर्न सरकारले छलफल गर्नुपर्नेमा जोड दिनुभयो।

## भारतीय पर्यटकले पाँच हजार डलर बराबरको भारतीय रूपैयाँ ल्याउन पाउने

पर्सा, १२ भदौ (रासस)।

नेपाल राष्ट्र बैंकले भारतीय नागरिकले नेपाल भ्रमणका क्रममा पाँच हजार डलर बराबरको भारतीय रूपैयाँ लिएर आउन पाउने व्यवस्था गरेसँगै सीमावर्ती क्षेत्रका पर्यटन व्यवसायी उत्साहित भएका छन्।

यसअघि २५ हजार भारतीय रूपैयाँ मात्रै ल्याउन पाउने प्रावधानप्रति व्यवसायीको गुनासो थियो। सङ्घीय सरकारले गत जेठ १५ मा ल्याएको चालु आर्थिक वर्षको बजेटमार्फत हवाई वा स्थलमार्गबाट नेपाल प्रवेश गर्ने यात्रुले नेपालमा विनिमय हुने पाँच हजार अमेरिकी डलर बराबरको विदेशी मुद्रा वा ट्राभलर्स चेक ल्याउन पाउने व्यवस्था गरेको हो।

राष्ट्र बैंकले यही भदौ १० गते सार्वजनिक सूचना जारी गरी नेपाली वा विदेशी नागरिकले नगद विदेशी मुद्रा अमेरिकी पाँच हजार डलरसम्म ल्याउने प्रावधान रहेको जनाएको छ।

होटल तथा पर्यटन व्यवसायी सङ्घ वीरगञ्जका अध्यक्ष हरि पन्तले राष्ट्र बैंकले भारतीय पर्यटकलाई भन्सार घोषणा नगरीकनै पाँच हजार डलर बराबरको भारतीय रूपैयाँ ल्याउन पाउने प्रावधानले यहाँको पर्यटन व्यवसायीलाई राहत मिल्ने बताउनुभयो।

वीरगञ्जमा चारवटा तारे होटेलसहित ८५ भन्दा धेरै होटल छन्। तर, अपेक्षाकृत रुपमा पर्यटकको बसाइँ लम्ब्याउन सकिएको थिएन। यहाँको पर्यटन क्षेत्र आन्तरिक र सीमा क्षेत्रका भारतीय पर्यटककै कारणले धानिरहको व्यवसायी बताउँछन्।

## बारामा बाघको आक्रमणबाट एक जनाको मृत्यु

बारा, १२ भदौ (रासस)।

बारामा बाघको आक्रमणमा परी कृष्णप्रसाद शर्माको मृत्यु भएको छ। मृत्यु हुनेमा जितपुर सिमरा उपमहानगरपालिका वडा नं २२ को २ नम्बर पुल निवासी ५५ वर्षीय कृष्णप्रसाद शर्मा रहेको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी प्रवक्ता विजयराज पण्डितले जानकारी दिनुभयो।

बुधवार बिहान करिब ७:३० बजेतिर स्कुटर लिएर आधाभार जङ्गलतर्फ घाँस काट्न गएका शर्मा घर नफर्किएपछि आफन्तले खोजतलास गरेका थिए। खोजतलासका क्रममा जङ्गलभित्र स्कुटी र घाँस भेटिए पनि उनी फेला परेनन्। त्यसपछि आफन्तले प्रहरीलाई जानकारी गराएका थिए।

प्रहरीले खोजतलास गर्नेक्रममा त्यही क्षेत्रमा चप्पल र केही रगतको दाग भेटिएको थियो। बुधबार दिउँसो प्रहरी टोली र आधाभार ब्यारेकबाट खटिएको नेपालीसेनाको संयुक्त टोलीले जङ्गलभित्र शव फेला पारेको बाराका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक विजयराज पण्डितले जानकारी दिनुभयो।

शवको टाउको नभएको र बाघले आक्रमण गरेको अवस्थामा भेटिएको प्रवक्ता पण्डितले भन्नुभयो। घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

## करदाता सेवा ...

जरिवाना समेत गरिएको करदाता सेवा कार्यालय राजविराजले जनाएको छ।

आयकर तर्फ ८३, मूल्य अभिवृद्धि कर (भ्याट) तर्फ ९४ र अन्तःशुल्क तर्फ ८१ प्रतिशत गरी कुल ८७ करोड रुपैयाँ संकलन गरिएको कार्यालयले जनाएको छ।

खुला सिमाना, तस्करी तथा केही करदाताले समयमा कर नबुझाउनु जस्ता कारणले लक्ष्य पूर्ण रूपमा पूरा नभए पनि विगतको भन्दा उल्लेख्य वृद्धि हुनु सकारात्मक उपलब्धि भएको सर्राफले बताउनुभयो।

कार्यालयले आगामी आर्थिक वर्ष २०८२/०८३ मा एक अर्ब १४ करोड रुपैयाँ राजस्व संकलन गर्ने महत्वाकांक्षी लक्ष्य लिएको छ। यसका लागि करदाताको दायरा थप विस्तार गर्ने, प्रविधिमुखी सेवा प्रवर्द्धन गर्ने र कर छल्ने प्रवृत्तिमाथि निगरानी गर्ने योजना रहेको बताइएको छ।

६६ हजार पाँचसय ६१ सक्रिय करदाता रहेको करदाता सेवा कार्यालयले २०८२/०८३ मा एक अर्ब १४ करोर राजस्व संकलन गर्ने लक्ष्य राखिएको जनाएको छ।

# विश्व समाचार

## वैज्ञानिकहरूले पृथ्वीमा दुई अर्ब वर्षअघिको अक्सिजन वृद्धि पत्ता लगाए

सिड्नी, १२ भदौ (रासस/सिन्ह्वा)।

अनुसन्धानकर्ताहरूको एक अन्तर्राष्ट्रिय टोलीले करिब दुई अर्ब वर्षअघिदेखि पृथ्वीको वायुमण्डल कसरी अक्सिजन-कम अवस्थाबाट अक्सिजन-धनी अवस्थातर्फ परिवर्तन भयो भन्ने विषयमा नयाँ जानकारी सार्वजनिक गरेको छ। प्राचीन सल्फेट खनिजहरूमा संरक्षित उच्च-रिजोलुसन अक्सिजन आइसोटोप रेकर्डहरूको विश्लेषणमार्फत टोलीले वायुमण्डलीय अक्सिजनको वृद्धिसँग महासागरहरूको गतिशील अन्तरक्रिया पुनर्निर्माण गरेको वेस्टर्न अस्ट्रेलिया विश्वविद्यालय (युडब्लुए) ले बिहीबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

अध्ययनले पेलियोप्रोटेरोजोइक (दुई अर्ब ५० करोडदेखि एक अर्ब ६० करोड वर्षअघि), नियोप्रोटेरोजोइक (एक अर्बदेखि ५३ करोड ८८ लाख वर्षअघि) र पेलियोजोइक (५३ करोड ८८ लाखदेखि २५ करोड २० लाख वर्षअघि) युगमा वायुमण्डलीय अक्सिजन वृद्धिका तीन प्रमुख चरणहरू भएको प्रमाण भेटिएको जनाएको छ। “पृथ्वीको वायुमण्डलमा अक्सिजनको वृद्धि अक्सिजन-सास फेर्ने जटिल जीवनको विकास, ग्रहहरूको बासयोग्यता र महत्त्वपूर्ण प्राकृतिक स्रोतहरूको सिर्जनाका लागि आधारभूत मानिन्छ”, युडब्लुएको स्कुल अफ अर्थ साइन्सेजका म्याथ्यु डोडले भन्नुभयो।

चीनको चेङ्दु युनिभर्सिटी अफ टेक्नोलोजीको नेतृत्वमा युडब्लुएको सहकार्यमा सम्पन्न र ‘नेचर’ मा प्रकाशित यस अध्ययनले नियोप्रोटेरोजोइक अक्सिजन वृद्धिपछि पृथ्वीका विशाल अक्सिजन-गरिब महासागरहरूले आवधिक अक्सीकरण चरणहरू अनुभव गरेको देखाएको छ। यी घटनाहरूको परिणामस्वरूप सयौँ लाखौँ वर्षको अवधिमा कार्बन, सल्फर र अक्सिजन आइसोटोपमा समन्वित परिवर्तनहरू देखिए, जसले बढ्दो वायुमण्डलीय अक्सिजनले बारम्बार क्षणिक समुद्री अक्सीकरणलाई उत्प्रेरित गरेको सुझाव दिन्छ। “यी निष्कर्षहरूले पृथ्वीमा जीवनको उत्पत्ति र विकाससँगै खनिज भण्डार तथा पेट्रोलियम स्रोतहरूको निर्माणलाई बुझ्नका लागि महत्त्वपूर्ण वातावरणीय ढाँचा उपलब्ध गराउँछन्,” डोडले भन्नुभयो।

## विद्यार्थी र पत्रकारको अमेरिका बसाइ सीमित गर्ने ट्रम्पको निर्णय

वासिङ्टन, १२ भदौ (रासस/एएफपी)।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले विदेशी विद्यार्थी र पत्रकारलाई संयुक्त राज्य अमेरिकामा कति समय बस्न पाउने भन्ने विषयमा कडा प्रतिबन्ध लगाउने निर्णय गरेको छ। प्रस्तावित परिवर्तनअनुसार विदेशी नागरिकले अमेरिकामा विद्यार्थी भिसामा चार वर्षभन्दा बढी बस्न पाउने छैनन्। विदेशी पत्रकारलाई २४० दिनको मात्र बसाइमा सीमित गरिनेछ, यद्यपि उनीहरूले थप २४० दिनको समयावधि बढाउन आवेदन दिन सक्नेछन्। यद्यपि, चिनियाँ पत्रकारहरूले केवल ९० दिनको भिसा मात्र पाउनेछन्।

संयुक्त राज्य अमेरिकाले अहिलेसम्म सामान्यतया विद्यार्थीको शैक्षिक कार्यक्रम वा पत्रकारको कामको अवधिको लागि भिसा जारी गर्दै आएको छ, यद्यपि कुनै पनि गैर-आप्रवासी भिसा १० वर्षभन्दा बढीको लागि मान्य हुँदैन। प्रस्तावित परिवर्तनहरू फेडरल रजिस्टरमा प्रकाशित गरिएको थियो तिनीहरू लागू हुनु अघि सार्वजनिक टिप्पणीको लागि छोटो अवधिको सुरुवात गरे। ट्रम्पको ‘डिपार्टमेन्ट अफ होमल्याण्ड सेक्युरिटी’ले अनिर्दिष्ट सङ्ख्यामा रहेका विदेशीहरूले अनिश्चितकालका लागि आफ्नो अध्ययन लम्ब्याएको आरोप लगाएको छ।

“विगतको प्रशासनले विदेशी विद्यार्थी र अन्य भिसा बाहकलाई अनिश्चितकालका लागि अमेरिकामा बस्न अनुमति दिएको छ, जसले सुरक्षा जोखिम निम्त्याएको छ, करदाताको अकथनीय डलर खर्च गरेको छ र अमेरिकी नागरिकलाई असुविधा भएको छ,” विभागले बुधबार जारी गरेको विज्ञप्तिमा भनिएको छ। वाणिज्य विभागको तथ्याङ्कअनुसार सन् २०२३ मा अमेरिकी अर्थतन्त्रमा ५० अर्ब डलरभन्दा बढी योगदान पुऱ्याएका अन्तर्राष्ट्रिय विद्यार्थीले अमेरिकी नागरिक र करदातालाई कसरी चोट पुऱ्याएका छन् भन्नेबारे विभागले केही बताएको छैन।

संयुक्त राज्य अमेरिकाले सन् २०२३ र सन् २०२४ को शैक्षिक सत्रमा ११ लाखभन्दा बढी अन्तर्राष्ट्रिय विद्यार्थीहरूलाई स्वागत गरेको छ, जुन कुनै पनि अन्य देशको तुलनामा बढी हो। यसले राजस्वको महत्त्वपूर्ण स्रोत प्रदान गर्दछ किनकि विदेशीहरूले सामान्यतया पूर्ण ट्यूशन शुल्क तिर्छन्।

अमेरिकी कलेज र विश्वविद्यालयको नेतृत्वको प्रतिनिधित्व गर्ने एक समूहले पछिल्लो कदमलाई अनावश्यक नोकरशाही अवरोधको रूपमा निन्दा गरेको छ जसले शैक्षिक निर्णय प्रक्रियामा हस्तक्षेप गरेको आरोप लगाएको छ। यसले सम्भावित विद्यार्थीहरूलाई थप रोक्न सक्छ, अन्यथा अनुसन्धान र रोजगारी सिर्जनामा अवरोध पुऱ्याउँछ।

## पाकिस्तानमा बाढीका कारण एक लाख ५० हजार विस्थापित

इस्लामाबाद, पाकिस्तान, १२ भदौ (रासस/क्युएनए)।

भारतको बाँधबाट अतिरिक्त पानी छोडेको चेतावनी पाएपछि पाकिस्तानी अधिकारीहरूले पञ्जाब प्रान्तका तीनवटा प्रमुख नदीका छेउछाउका क्षेत्रहरूबाट एकलाख ५० हजारभन्दा बढी मानिसहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण हुन सूचना जारी गरेको छ। भारी वर्षा र बाढीले पानीको सतहले खतराको सिमा पार गरेपछि भारतीय पक्षबाट पानी छोड्दा पञ्जाबको ठूलो भाग डुबानमा पर्ने खतरा रहेको पाकिस्तानी अधिकारीहरूले बताएका छन्।

पाकिस्तानको राष्ट्रिय विपद् व्यवस्थापन प्राधिकरणका प्रवक्ताले भारतको पछिल्लो चेतावनी अघि नै निकासी सुरु भएको तथा अझै जारी रहेको जनाउनुभएको छ। उहाँका अनुसार यो अभियानमा लगभग ३५ हजार मानिस चेतावनी पछि स्वेच्छाले सुरक्षितस्थलतर्फ भागेका छन्। पन्जाब र कश्मीरमा आगामी दिनमा पुनः भारी वर्षाको चेतावनीको बीचमा रावी, सतलज र चेनाब नदिले ठूलो बाढीको सामना गरिरहेको जनाइएको छ।

# नेपालको बाटो हुँदै तीन आतंकवादी भारतमा प्रवेश गरेको भन्दै बिहारमा सुरक्षा व्यवस्था कडा




**दैनिक समाचारदाता**
**काठमाडौं, १२ भदौ ।**

नेपालको बाटो हुँदै जैश-ए-मोहम्मद समूहका तीन जना आतंकवादी भारतको बिहारमा प्रवेश गरेको भन्दै सुरक्षा व्यवस्था कडा पारिएको छ ।

जैश ए मोहम्मदका हसनैन अली, आदिल हुसैन र मोहम्मद उस्मान नेपालको बाटो हुँदै भारतमा घुसेको इन्डिया टुडेको समाचारमा उल्लेख छ ।

समाचारमा लेखिए अनुसार उनीहरु तीनैजना पाकिस्तानी नागरिक हुन् । उनीहरु भारतमा घुसेको सूचनाले सुरक्षा निकायमा हलचल पैदा भएको समाचारमा उल्लेख छ ।

तर उनीहरु नेपाल-भारत सीमाको कुन नाका भएर बिहार प्रवेश गरे र कहिले प्रवेश गरे भन्ने समाचारमा उल्लेख छैन ।

भारतको न्युज-एट्टिनको अनलाइन संस्करणमा लेखिए अनुसार उनीहरुको हुलिया र परिचयसहितको विवरण प्रहरीका सबै युनिटहरुमा पठाइएको छ र सतर्क रहन भनिएको छ ।

यसैगरी ईटिभी भारतले बिहारका खासगरी सितामढी, मधुबनी, पश्चिम चम्पारण, अररिया, किशनगञ्ज र सुपौलका प्रहरीहरुलाई अलर्टमा राखिएको जनाएको छ र संदिग्ध गतिविधिलाई निगरानी गर्न भनिएको छ ।

साथै स्थानीयलाई पनि कुनै गतिविधिमा शंका लागेमा नजिकको प्रहरीमा खबर गर्न आह्वान गरिएको छ ।

यसअघि सन् २०२४ मा पनि नेपालबाट आतंकवादी घुसेको भन्दै तीन जनालाई भारतीय सुरक्षाकर्मीहरुले पक्राउ गरेका थिए ।

# जापानिज इन्सेफलाइटिसबाट १ सय ३ संक्रमति

काठमाडौँ, १२ भदौ (रासस) ।

देशमा जापानिज इन्सेफलाइटिसको सङ्क्रमण बढ्दै गएको स्वास्थ्य सेवा विभाग परिवार कल्याण महाशाखा बालस्वास्थ्य तथा खोप शाखाले जनाएको छ ।

शाखाप्रमुख डा अभियान गौतमका अनुसार हाल १०३ जनामा जापानिज इन्सेफलाइटिस पुष्टि भएको र २० जनाको मृत्यु भएको छ ।

डा गौतमले जापानिज इन्सेफलाइटिसको सङ्क्रमण खोप नलगाएका मानिसमा बढी भेटिएको बताउनुभयो । सत्तरी प्रतिशतभन्दा बढी मृत्यु १५ वर्षभन्दा माथिको उमेर समूहका बिरामीको भएको छ । सङ्क्रमणबाट झापा, मोरङ, तेह्रथुम, बारा, सिन्धुली, अर्घाखाँची, प्यूठान, दाङ, बर्दिया, कैलाली, रौतहट, नवलपरासीपूर्व, चितवन र नवलपराली पश्चिममा मृत्यु भएको हो ।

स्वास्थ्यकर्मीहरूका अनुसार क्युलेक्स प्रजातिको लामखुट्टेको टोकाइबाट जापानिज इन्सेफलाइटिस हुने गर्छ । यसले मस्तिष्कमा गम्भीर सङ्क्रमण भई बिरामीको मृत्यु हुने गरेको छ ।

# भूमि विधेयकविरुद्ध जसपा नेपालको प्रदर्शन



**दैनिक समाचारदाता**
**राजविराज, १२ भदौ ।**

जनता समाजवादी पार्टी (जसपा) नेपालले भूमि विधेयक बिरुद्ध विरोधमा उत्रिएको छ। पार्टीको केन्द्रिय निर्देशन अनुसार देशव्यापी विरोध प्रदर्शनमा उत्रिएका हो ।

बिहीबार जसपा नेपाल सप्तरी निर्वाचन क्षेत्र ४ स्थित बरसाईनमा प्रदर्शन गरेको छ । बरसाईनको शत्रुधन चौकबाट निस्केको बिरोध र्‍याली बरसाईनको विभिन्न ठाउमा प्रदर्शन गर्दै कोण सभामा परिणत भएको थियो ।

कोण सभामा बक्ताहरूले भुमि बिधेयक जनताको हित नहुने भन्दै बिरोध जनाएका थिए । भूमि सम्बन्धी विधेयक मुलुक र जनताको हितमा नरहेको, भू-माफिया, जग्गा दलालको हित हुने रहेको जसपाको निष्कर्ष छ ।

वन जङ्गल विनाश भई तराई/मधेश मरुभूमिकरण हुने भन्दै सुरुदेखि नै जसपा नेपाल यो विधेयकको विपक्षमा रहेर विरोध गर्दा आइरहेको छ । विधेयक अहिले संसद्को कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिबाट पारित भइसकेको छ ।

उक्त बिरोध रयालीमा जसपा नेपाल अनुशासन समिति संयोजक जगदेव यादब, श्याम देव यादब, केन्द्रीय सदस्य शैलेन्द्र मोहन झा, पुनम यादब, डा. बबीसिंह यादब, रमिला साह, जिल्ला अध्यक्ष केदार प्रसाद यादब, जिल्ला उपाध्यक्ष लक्ष्मण यादब, बोदेबरसाईन नगरपालिका उपप्रमुख रेणुका साह, खडक नगरपालिका नगर उपप्रमुख रिता चौधरी, युवा नेता दिनेश यादब, किशोर कुमार यादव, जिल्ला सचिव निरज झा, कोषाध्यक्ष अरबिन्द यादब, बिनोद यादब, राजेश्वर राय, लगायत सयौ नेता तथा कार्यकर्ताहरूको सहभागिता रहेको थियो ।

# महासंघद्वारा सरकारलाई ७२ घण्टाको ‘अल्टिमेटम’

काठमाडौँ, १२ भदौ (रासस) ।

नेपाल पत्रकार महासङ्घले अनलाइन सञ्चारमाध्यम दर्ता र नवीकरणको काम तत्काल खुलाउन सरकारलाई ७२ घण्टाको अल्टिमेटम दिएको छ ।

महासङ्घका अध्यक्ष निर्मला शर्मा नेतृत्वको प्रतिनिधि मण्डलले सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङ समक्ष ज्ञापनपत्र बुझाउँदै सो अल्टिमेटम दिएको हो । महासङ्घका महासचिव रामप्रसाद दाहालद्वारा हस्ताक्षरित ज्ञापन पत्रमा अवरूद्ध दर्ता, नवीकरण सुरू नभए महासङ्घ आन्दोलनमा उत्रने उल्लेख छ ।

ज्ञापनपत्र बुझ्दै मन्त्री गुरूङले अनलाइन सञ्चारमाध्यमलाई परेको असहजता अन्त्य गर्न सङ्क्रमणकालीन व्यवस्था गरिने र तत्काल नयाँ नियमावली पनि ल्याउने आश्वासन दिनुभयो । मन्त्रालयका सचिव राधिका अर्यालले सञ्चारमाध्यम दर्ता र नवीकरण सहज बनाउन पहल गरिने बताउनुभयो ।

छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८ संशोधन गरी अनलाइन सञ्चारमाध्यम दर्ता र नवीकरण स्थानीय प्रशासनमा गर्ने व्यवस्था पछि देशभर अनलाइन सञ्चारमाध्यमको दर्ता, नवीकरण र सञ्चालन अवरुद्ध छ ।


**आईडियल बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
**राजबिराज ०४, सप्तरी**
**(प्रथम पटक प्रकाशित मिति : २०८२/०५/१३)**
**२६औं वार्षिक साधारण सभा बारेको सुचना**

आईडियल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको मिति २०८२ साल भदौ १२गते बसेको संचालक समितिको २६४औं बैठकको निर्णय बमोजिम संस्थाको २६औं वार्षिक साधारण सभा सहकारी विभागले जारी गरेको सहकारी संस्थाको साधारण सभा (कार्यव्यवथा) निर्देशिका २०७६ संशोधित २०७७ बमोजिम तपसिलमा उल्लेखित साधारण सभाको कार्यसूचि अनुसार छलफल र निर्णय गर्न बस्ने भएको हुँदा तपसिलको एकाई, मिति, समय र आफुलाई पायक पर्ने स्थानमा उपस्थित हुनको लागी सदस्यहरुको ठेगानामा विभिन्न माध्यमबाट सुचना सम्प्रेषण भईरहेको छ । कुनै कारणबस अन्य माध्यमबाट जानकारी प्राप्त नभएमा यसै सूचनालाई आधार मानी उपस्थितीको लागि हार्दिक अनुरोध गरिन्छ ।

**साधारण सभाको कार्यसुचि :-**

१. सञ्चालक समितिको वार्षिक प्रतिवेदन सम्वन्धमा ।
२. लेखा सुपरिवेक्षण समितिको वार्षिक प्रतिवेदन सम्वन्धमा ।
३. आ.व. २०८१/०८२ को लेखा परिक्षकको प्रतिवेदन सम्वन्धमा ।
४. आ.व. २०८२/०८३ को वार्षिक कार्यक्रम तथा बजेट सम्वन्धमा ।
५. आ.व. २०८२/०८३ को लागि लेखा परिक्षकको नियुक्ती र पारिश्रमिक निर्धारण गर्ने सम्वन्धमा ।
६. शेयर लाभांश कोष तथा संरक्षित पुंजि कोष वितरण सम्वन्धमा ।
७. संस्थाका निति तथा कार्यविधिहरु सम्वन्धमा ।
८. तलब, पारिश्रमिक तथा भत्ता सम्वन्धमा ।
९. निर्णय पुस्तिका प्रमाणिकरण सम्वन्धमा ।
१०. विविध ।

*द्रष्टव्य:* साथै साधारण सभा सम्वन्धि सूचना कार्यालयको सूचनापाटी, संस्थाको आधिकारीक फेसबुक पेज तथा वेभसाईटमा समेत प्रकाशित गरिएको व्यहोरा जानकारी गराईन्छ ।

**साधारण सभा तालिका :**

**१. साधारण सभा हुने एकाई, मिति, समय र स्थान :-**

| एकाई (क) : पातो | एकाई (ख) : हनुमाननगर | एकाई (ग) : राजबिराज |
|---|---|---|
| मिति : २०८२ असोज २३गते बिहिवार<br>समय : बिहान १० बजे<br>स्थान : पातोबजार चौक | मिति : २०८२ असोज २४गते शुक्रबार<br>समय : बिहान १० बजे<br>स्थान : हनुमाननगरबजार चौक | मिति : २०८२ असोज २५गते शनिबार<br>समय : बिहान ०९ बजे<br>स्थान : जिल्ला समन्वय समितिको सभाहल |

**२. एकाई प्रतिनिधिहरुको निर्णय प्रमाणित सभा** (सबै एकाईबाट छनौट भएका प्रतिनिधिहरु मात्र) :-

- मिति : २०८२/०६/२७ सोमवार
- स्थान : संस्थाको कार्यालय भवन, राजबिराज ०४, सप्तरी
- समय : बिहान ११:०० बजे

**२६औं साधारण सभा सम्वन्धी अन्य जानकारी**

- साधारण सभामा विशेष प्रस्ताव राख्नुपर्ने भएमा मिति २०८२ साल असोज १९गते कार्यालय समय भित्र लिखित रुपमा पेश गर्नु पर्ने । वार्षिक साधारण सभाको प्रतिवेदनहरु संस्थाको वेवसाईट https://idealcooperative.org.np/को रिपोर्ट सेक्सनमागई डाउनलोड गर्न सक्नुहुनेछ ।
- एकाई क, ख र ग बाट निर्णय भै चयन भएका प्रतिनिधिहरुले एकाई प्रतिनिधिहरुको निर्णय सभामा उपस्थित भै साधारण सभाको निर्णय पुस्तिका प्रमाणित गर्नेछन् ।
- साधारण सभाको प्रतिवेदनहरु उपर आफ्नो जिज्ञासा, राय तथा सुझाव भएमा सो समेत समेटिने गरि लिखित रुपमावा संस्थाको फेसबुक पेजमा राखिएको गुगलफर्ममा आफ्नो सुझाव भरि २०८२ साल असोज १९गते भित्र पठाईदिन हुन अनुरोध गरिन्छ ।

धन्यवाद ।

संचालक समितिको आज्ञाले
बिनोद कुमार साफी
व्यवस्थापक







**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शंखर,
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*